# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्या-४९५ मितिः २०६६/३/५

**श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सबै कार्यालयहरु र**
**इजाजतपत्र प्राप्त सबै "क" वर्गका वाणिज्य बैंकहरु ।**

विषय :- एसियन क्लियरिङ्ग यूनियन कारोवार सम्बन्धी थप व्यवस्था ।

महाशय,

हाल एसियन क्लियरिङ्ग युनियन (ACU) अन्तर्गत हुने आयात कारोवारहरूको भुक्तानी पठाउंदा सम्बन्धित “क” वर्गका बैंकहरुले यस विभागको लगानी शाखा, ब्याक अफिसको ACU Desk लाई भुक्तानी गर्नको लागि सम्बन्धित वाणिज्य बैंकले अनुरोध पत्र लेख्ने गरेकोमा सो सम्बन्धमा निम्नानुसारको व्यवस्था गरिएकोले सोही वमोजिम गर्नु गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

(क) एसियन क्लियरिंग युनियन सम्बन्धी कारोवार गर्ने “क” वर्गका वाणिज्य बैंकहरुले यस विभागमा रहेको SWIFT Address: NRBLNPKAFED मा संलग्न अनुसुची क अनुसारको MT 202 बमोजिमको SWIFT Message को माध्यमबाट पत्राचार गर्नु पर्नेछ।

(ख) यस सम्बन्धी ई.प्रा. परिपत्र संख्या ४७६ का अन्य व्यवस्था यथावत् रहनेछ ।

भवदीय,

(नारायणप्रसाद पौडेल)
का.मु.कार्यकारी निर्देशक

बोधार्थः
१. गभर्नरको कार्यालय ।
२. डेपुटी गभर्नरको कार्यालय ।
३. बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
४. बैंक सुपरिवेक्षण बिभाग ।
५. आन्तरिक लेखा परिक्षण विभाग ।
६..सूचना प्रविधि विभाग :- यस विभागको वेभ साइटमा राखिदिनु हुन ।
७. नेपाल बैंकर्स एशोसिएशन, हेरिटेज प्लाजा, कमलादी ।

# अनुसुची "क"

(इ.प्रा.परिपत्र संख्या ४९५ को प्रयोजनको लागि )

## FIN 202 GENERAL FIN INST TRANSFER

| Field | Discription | कैफियत |
|---|---|---|
| 20 | TRN | सम्बन्धित बैंक तथा यस बैंकको विचमा भएको कारोवारको संकेत नं. |
| 21 | Related Ref.No. | सम्बन्धित बैंक तथा Beneficiary बैंकको विचमा भएको कारोवारको संकेत नं |
| 32 A | Value Date, Currency Code,Amt | भ्यालुडेट को सन्दर्भमा रकमान्तर गर्ने देशमा विदा नपर्ने गरी कम्तीमा एक कार्य दिन अगाबै यस विभागमा SWIFT पठाउनु पर्ने । |
| 53 A | Sender's Correspondent | यस बैंकमा रहेको ACU Dollar तथा ACU EURO खाता नं.सहित सम्बन्धित वाणिज्य बैंकको नाम । |
| 56 A | Intermediatory | आवश्यकता अनुसार |
| 57 A | Account with Institutions | SWIFT पठाउने सम्बन्धित विदेशी केन्द्रीय बैंकको नाम |
| 58 A | Beneficiary Institution | रकम पाउने सम्बन्धित विदेशको वाणिज्य बैंक |
| 72 | Sender to Receiver Information | Charge कसबाट लिने, L/C, T T No, पत्राचार गर्ने फ्याक्स नं. तथा अन्य कुरा आवश्यकता अनुसार खुलाउने । |